जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ — स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १४७ २०७७ साल पुस २४ गते शुक्रबार (8 Jan. 2021 Friday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिबाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : अमेरिकी संसद् भवनमा ट्रम्प ... ३ पृष्ठमा : बाँकेमा महिला तथा ... ३ पृष्ठमा कुन्दुज प्रान्तमा झडप ...

## भारतीय सुरक्षाकर्मीद्वारा हुलाकी सडक अन्तरगतको पुल निर्माणमा अवरोध



**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ स्थित कठौना-पातो लिंक रोडमा पर्ने हुलाकी सडक आयोजना अन्तरगत खडक खोलामा पुल निर्माण कार्यमा भारतीय सुरक्षाकर्मीहरुले अवरोध पुऱ्याएका छन् । अवरोधका कारण पुल निर्माण कार्य विगत एक महिनादेखी ठप्प भएको छ ।

भारतको मधुवनी जिल्ला अन्तरगत करियौतस्थित एसएसबीले सुरक्षाको कारण देखाई पुल निर्माण कार्यमा अवरोध पुऱ्याएको जनाइएको छ । भारतीय सरकारको तर्फबाट कुनै जानकारी अथवा निर्देशन नआएकोले तत्काल निर्माण कार्य रोक्न भनेपछि काम अवरुद्ध भएको हो ।

हुलाकी राजमार्ग योजना कार्यालय इटहरीका इन्जिनियर आशुतोष कर्णले सीमा क्षेत्रबाट १ सय ९५ मिटर मात्रको दुरीमा रहेको र पुल निर्माण सुरक्षासित समेत जोडिएको विषय हो भन्दै निर्माणस्थलमै पुगेर एसएसबीको टोलीले एक महिनाअघि नै भनेपछि निर्माण कार्य रोक्नु परेको जानकारी दिएका छन ।

उनले भारतीय गाउँ करियौत र नेपालतर्फका बासिन्दाले सहमति जनाएपछि नेपाल सरकारले ठेक्का लगाएको बताए । काठमाडौंस्थित इलाइट कन्ट्रक्सन प्रालिले १ सय १२ मिटर लम्बाई तथा ११ मिटर चौडाईको उक्त पुल निर्माणको १८ करोड ३३ लाख रुँपैयामा ठेक्का पाएको उनले जनाए ।

स्थानियले भने नेपाली भूमीमा भइरहेको निर्माण कार्यमा भारतीय सुरक्षाकर्मीले हस्तक्षेप गर्नु अनुचित भएको बताएका छन् । स्थानीयहरुले सीमावर्ती भारतीय गाउँका बासिन्दा समेत बसेर छलफल गरि पुल निर्माणमा कुनै अवरोध नगर्ने सहमति भएको बताउँदै अचानक भारतीय सुरक्षाकर्मीले अवरोध गर्नु बुझिनसक्नु भएको बताएका छन् ।

यता सीमावर्ती भारतीय गाउँ करियौतका सत्यनारायण यादवले पनि दुबै पक्षका गाउँवासीहरुको संयुक्त बैठकबसी पुल निर्माणमा मद्दत गर्ने प्रतिबद्धता व्यक्त भएको बताउँदै अचानक एसएसबीले निर्माण कार्य रोक्नु उचित नभएको प्रतिक्रिया दिएका छन् ।

यता सप्तरीका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले काम रोकिएको विषयमा मधुवनी जिल्लाका डिएमसँग समेत वार्ता गरि आवश्यक पहल भइरहेको जानकारी दिँदै यस बारेमा गृहमन्त्रालयलाई जानकारी गराइसकिएको र परराष्ट्र मन्त्रालयमार्फत दुबै देशबीच छलफल भएर पुल निर्माण कार्य चाडै अघि बढ्ने विश्वास व्यक्त गरे ।

## प्रहरीलाई मोटरसाइकलबाट ठक्कर दिई फरार एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

प्रहरीलाई नै मोटरसाइकलबाट ठक्कर दिई फरार एक प्रतिवादीलाई प्रहरीले बुधबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहाको लहान नगरपालिका १८ निवासी डम्बर नारायण चौलागाई रहेका छन् । उनलाई प्रहरीले घरबाटै पक्राउ गरि अदालत समक्ष हाजिर गराएपछि पुर्पक्षका लागि कारागार चलान गरिएको छ ।

गत मंसिर १ गते पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको सुरुङ्गा नगरपालिका ४ कदमाहा चौक नजिकै चेकजाचमा खटिएका प्रहरी सहायक निरिक्षक हिम बहादुर खतिवडालाई स.७प. २५८० नम्बरको मोटरसाइकल चढेका चौलागाइले ठक्कर दिई गम्भिर घाइते बनाई फरार भएका थिए ।

फरार उनलाई पक्राउ गरी सवारी अङ्गभङ्ग मुद्दा चलाइएको छ । दुर्घटनामा घाइते प्रसनि खतिवडाको खुट्टा भाँचिएको थियो ।

**राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा**

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।
**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**
**राजविराज**

## ब्राउनसुगरसहित पक्राउ परेका युवक पूर्पक्षका लागि कारागार चलान




**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

लागुऔषध ब्राउनसुगरसहित पक्राउ परेका युवकलाई बुधबार पूर्पक्षका लागि कारागार चलान गरिएको छ ।

जिल्ला अदालतको आदेशले तिलाठी कोइलाडी गाउँपालिका ७ का २७ वर्षीय भरत शर्मा सुतिहारलाई पुर्पक्षका लागि राजविराज कारागार पठाइएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय कञ्चनरुप टोलीले अग्निसाइर कृष्णासवरन गाउँपालिका ५ बकधुवास्थित भित्री सडकखण्डबाट ५० ग्राम खैरो हेरोइनसहित सुतिहार र उनका भाइलाई गत कात्तिक १ गते पक्राउ गरेको थियो । आरोपितका भाइ ( काकाका छोरा) १७ वर्षीय बालक भएकाले उनलाई निजको बुवाको जमानीमा छाडिएको छ ।

आरोपितले भारतबाट खैरो हेरोइन लिएर आएको बताएका थिए । भरत शर्माले लगाएको पाइन्टको गोजीमा प्लास्टिकभित्र प्याक गरेर राखेको अवस्थामा खैरो हेरोइन बरामद भएको थियो ।

## 'प्रतिनिधिसभा विघटन चित्तबुझ्दो छैन'

काठमाडौँ, २३ पुस (रासस) ।

राष्ट्रियसभामा सदस्यले प्रतिनिधिसभा विघटन जनमतको कदर नभएको बताउनुभएको छ । राष्ट्रियसभाको बिहीबारको बैठकको शून्य समयमा सांसद उदया शर्माले प्रतिनिधिसभा विघटन चित्तबुझ्दो नभएको बताउँदै सरकारलाई उक्त कदम फिर्ता लिन आग्रह गर्नुभयो ।

सांसद कोमल वलीले संयुक्त राज्य अमेरिकाको संसद् भवनमा भएको हमलाप्रति दुःख व्यक्त गर्दै यसले विश्वकै प्रजातन्त्रमाथिको खतरा उत्पन्न भएको धारणा व्यक्त गर्नुभयो । सांसद जीवन बुढाले गत भदौमा कालीकोटमा बाढी र पहिरामा एक हजार १०० परिवार विस्थापन भएको र हालसम्म पनि पुनःस्थापना हुन नसक्दा जाडोमा खुला आकाशमुनि बस्न बाध्य हुनुपरेको प्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद तारादेवी भट्टले उखु किसानले आफ्नो उत्पादनको मूल्य पाउन पनि सधैँ आन्दोलन गर्नुपर्ने समस्याप्रति सरकारको ध्यानाकर्षण गराउँदै यसप्रति सरकारलाई जवाफदेही हुन आग्रह गर्नुभयो ।



# बर्डफ्लू सम्बन्धी उच्च सतर्कता अपनाउन आग्रह

काठमाडौँ, २३ पुस (रासस)।

कृषि तथा पशुपन्छी मन्त्रालयले बर्डफ्लू सम्बन्धी उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

भारतका विभिन्न स्थानमा बर्डफ्लू सङ्क्रमण पुष्टि भएसँगै विशेषगरी तराईका क्षेत्रमा उच्च सतर्कता आपनाउन मन्त्रालयले आग्रह गरेको हो। मन्त्रालयले मातहतका सातवटा सीमा नाका कार्यालयलाई बुधबार पत्र पठाउँदै उच्च सतर्कता अपनाउन निर्देशन दिएको हो। मन्त्रालयका प्रवक्ता डा श्रीराम घिमिरे कुखुराजन्य वस्तुको आयातमा रोक लगाउँदै उच्च सतर्कता अपनाउन नाकामा रहेका क्वारेन्टाइन कार्यालयलाई निर्देशन दिइएको जानकारी दिनुभयो। "नेपालमा भारतको हिमाञ्चल प्रदेशबाट बर्डफ्लू भित्रने सम्भावना उच्च रहेको छ। सङ्क्रमणलाई ध्यानमा राख्दै केही समय हिमाञ्चलसँगै भारतबाट भित्रिने कुखुराजन्य प्रजातिका वस्तुको आयातमा रोक लगाइएको हो", उहाँले भन्नुभयो।

उहाँका अनुसार सीमा नाका कार्यालयसँगै मन्त्रालयले तराईका केही जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई उच्च सतर्कता अपनाउँन समेत आग्रह गरेको छ। "खुला सीमानाका हुँदा सीमाभन्दा बाहिरबाट समेत कुखुरा भित्रने सम्भावना उच्च रहेको छ, बर्डफ्लू नियन्त्रण आदेशको अधिकार प्रयोग गरेर प्रमुख जिल्ला अधिकारीलाई सम्पर्कमा बस्न आग्रह गरिएको हो", उहाँले भन्नुभयो, "लुकाएर ल्याइएका कुखुरा नष्ट गर्ने, कुखुरा ल्याउनेलाई कारवाहीको सम्पूर्ण अधिकारी जिल्लाका प्रमुखलाई रहन्छ।"

मन्त्रालयले काँकडभिट्टा, वीरगञ्ज, भैरहवा, कृष्णनगर, नेपालगञ्ज, कैलाली तथा गड्डाचौकी नाका , प्रमुख जिल्ला अधिकारीलाई उच्च सतर्कता अपनाउन र आवश्यक परे प्राविधिक तथा अन्य स्रोत साधनको प्रयोग र थप जनशक्ति माग गर्न विशेष निर्देशन दिएको हो। मन्त्रालयले भारतबाट कुखुरा आयात गर्ने व्यवसायीलाई समेत उच्च सतर्कतामा रहन आग्रह गरेको छ। नेपालमा बर्डफ्लू सङ्क्रमण भित्रन नदिन केही समय कुखुरा आयातमा रोक लगाइएको जनाउँदै व्यवसायीलाई समेत सतर्कता अपनाउन आग्रह गरिएको प्रवक्ता घिमिरे जानकारीदिनुभयो।

मन्त्रालयअन्तर्गत देशभर १६ पशु क्वारेन्टिन कार्यालय छन्। देशभर कतै ठूलो परिमाणमा कुखुरा मरे वा शङ्कास्पद लक्षण देखिए तुरुन्त मन्त्रालय वा नजिकैको कार्यालयमा सम्पर्क गर्न पनि मन्त्रालयले कृषकलाई आग्रह गरेको छ। भारतको मध्य प्रदेश, केरला, राजस्थान र हिमाञ्चल प्रदेशमा बर्डफ्लू पुष्टि भएको बताइएको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# अमेरिकी संसद् भवनमा ट्रम्प समर्थकद्वारा हमला, ट्रम्पमाथि "सत्ताविद्रोह"को आरोप

वासिङ्टन, २३ पुस ( रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका समर्थकले बुधबार अमेरिकी संसद् भवन क्यापिटोल हिलमा आक्रमण गरेका छन्। अमेरिकी राष्ट्रपति-निर्वाचित जो बाइडेनको विजयलाई संसद्को संयुक्त सत्रले प्रमाणीकरण गर्ने कार्यक्रम चलिरहँदा ट्रम्प समर्थकले संसद् भवनमा हमला गरेका थिए।



ट्रम्प समर्थकको उक्त कार्य अमेरिकी प्रजातन्त्रको मुटुमै आक्रमण भएको भन्दै सर्वत्र आलोचना भएको छ भने राष्ट्रपति ट्रम्पमाथि सत्ताविद्रोहको प्रयत्न गरेको आरोप लागेको छ।

राष्ट्रपति ट्रम्पले चुनावमा धाँधली भएको दाबी गर्दै रिपब्लीकन सांसदलाई पटकपटक जो बाइडेनलाई प्रमाणीकरण नगर्न अनुरोध गर्नु भएको थियो। तर ट्रम्पको अनुरोधलाई बेवास्ता गर्दै सांसदले दिनभरको रस्साकस्सीपछि साँझ पुनःप्रमाणीकरणको कार्यलाई अघि बढाएका छन्।

राष्ट्रपति ट्रम्पका समर्थकको आक्रमणपछि ट्रम्पको पक्षमा रहेका कैयौं सांसदले ट्रम्पको साथ छाडेको घोषणा गरेका छन्।

वासिङ्टन डिसीमा ट्रम्पले आफ्ना समर्थकको एक र्‍यालीलाई सम्बोधन गरेलगत्तै उत्तेजक भीडले संसद् भवनमा आक्रमण गरेको थियो। उनीहरुले क्यापिटोल बाहिर सुरक्षार्थ रहेका प्रहरीका "ब्यारिकेड"लाई छिचोल्दै भित्र प्रवेश गरेका थिए।

उत्तेजक भिडका कैयौं सदस्य संसद् भवनभित्र प्रवेश गरेर तोडफोड गर्नुका साथै संसदीय प्रक्रियालाई अबरुद्ध बनाएका थिए। साथै प्रदर्शनकारीमध्ये केहीले सभामुख नान्सी पेलोसीको कार्यकक्षमा प्रवेश गरेर उहाँको कुर्सीमा बसेर तस्वीरसमेत खिचाएका थिए।

संसद् भवन क्यापिटोलभित्रका आक्रमणकारीलाई बाहिर निकाल्न प्रहरीलाई चार घण्टा लागेको थियो। प्रहरीले दक्षिण क्यालिफोर्निया निवासी एक ट्रम्प समर्थकको गोली लागेर मृत्यु भएको थियो। तर पछिल्लो समय प्रहरीले उक्त घटनामा चार जनाको मृत्यु भएको जनाएको छ।

बाइडेनले उक्त हिंसालाई "राज्य विद्रोह" संज्ञा दिनुभएको छ। उहाँले राष्ट्रपति ट्रम्पलाई तत्कालै हिंसामा संलग्नलाई शान्ति कायम गर्नका लागि आह्वान गर्न आग्रह गर्नु भएको थियो।

"हाम्रो प्रजातन्त्र अभूतपूर्व आक्रमणको निशानामा परेको छ," बाइडेनले आफ्नो गृहराज्य डेलावेयरबाट भन्नुभयो। "यो मतभेद होइन। यो अव्यवस्था हो। यो अराजकता हो। यो राज्य विद्रोह सरह हो। यसको तत्कालै, अहिल्यै अन्त हुनु पर्दछ।"

राष्ट्रपति ट्रम्पले तत्कालै एक भिडियो सार्वजनिक गर्दै आफ्ना समर्थकलाई घर फर्कन अनुरोध गर्नुका उहाँले उक्त भिडियोमा चुनावमा धाँधली भएको पुनःदोहोर्‍याउनुभयो। "हामी पनि शान्ति चाहन्छौँ। त्यसैले घर जानुहोस्। म तपाईंलाई माया गर्दछु। तपाइँहरु साँच्चिकै विशिष्ट हुनुहुन्छ।"

फ्लोरिडाबाट आएकी ट्रम्प समर्थक ४३ वर्षीया सोन्या फिट्जेराल्डले संसद् भवन क्यापिटोलको सिँढीमा उभिएर भन्नुभयो: "तपाईंहरुले यस घटनालाई इतिहासको पानामा पढ्नु हुनेछ।"

यसैबीच, सामाजिक सञ्जाल कम्पनी ट्वीटर र फेसबुकले राष्ट्रपति ट्रम्पका अकाउन्टलाई अस्थायीरुपमा रोक लगाएका छन्। उनीहरुले ट्रम्पका ट्वीटहरुले देशव्यापी हिंसा भड्काएको भन्दै अकाउन्ट बन्द गरेको जनाएका छन्। यदि ट्रम्पले गलत रबैया जारी राखे ट्वीट र फेसबुक दुबैले स्थायीरुपमा अकाउन्ट बन्द गरिदिने घोषणा गरेका छन्।

डेमोक्रेटिक पार्टीले जर्जियाको दुबै सिनेट सदस्यमा विजयी हासिल गरेको समाचार सार्वजनिक भएलगत्तै संसद्मा आक्रमण भएको छ।

जर्जियामा डेमोक्रेट पार्टीको विजयले अमेरिकी माथिल्लो सदनमा अब डेमोक्रेटको बहुमत कायम भएको छ भने तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभ्समा पनि डेमोक्रेटको बहुमत छ। दुबै सदनमा डेमोक्रेटको बहुमत कायम भएकाले अब राष्ट्रपति निर्वाचित जो बाइडेनले आफूले चाहेका विधेयक सहजै पारित गराउन सक्नु हुनेछ।

इतिहासकारको भनाइमा अमेरिकी संसद् भवन क्यापिटोलमा यो दोस्रो पटक हमला भएको हो। यसअघि सन् १८१२ को युद्धमा बेलायती सेनाले क्यापिटोलमा आक्रमण गरी आगो लगाइदिएका थिए।

दुई सय वर्षभन्दा बढी समयदेखि अमेरिकी संसद् अर्थात् कंग्रेसको संयुक्त सदनले नयाँ निर्वाचित हुने राष्ट्रपतिलाई सहज र शान्तिपूर्वक प्रमाणीकरण गर्ने प्रचलन थियो। अमेरिकी संविधान र कानुन बमोजिम अमेरिकी दुबै सदनले अमेरिकी मतदातालाई जिताएर पठाएका इलेक्टोरल मतलाई गणना गरी त्यसलाई प्रमाणित गर्ने र संयुक्त सदनले राष्ट्रपति निर्वाचित भएको अन्तिम घोषणा गर्दछ।

संसद्को संयुक्त सदनले घोषणा गरेका राष्ट्रपतिले जनवरी २० मा विशेष सार्वजनिक कार्यक्रमबीच सपथ लिने कार्यक्रम राखिने गरिन्छ। तर यसपटक राष्ट्रपति ट्रम्पले आफ्ना समर्थक रिपब्लीकन सांसदलाई इलेक्टोरल मतका सन्दर्भमा भिन्न मत राख्न र प्रतिवाद गर्न आग्रह गर्नुभएको थियो।

कंग्रेसले राष्ट्रपति ट्रम्पको आग्रहलाई अस्वीकार गरेको थियो। पहिलो गणना एरिजोना राज्यको गरिएको थियो, जसमा बाइडेन विजयी भएका थिए। तल्लो सदनका १२१ जना रिपब्लीकन सांसदले एरिजोनाको नतिजालाई लिएर विमति राखेका थिए तर सिनेटका छ जना रिपब्लीकन सदस्यले मात्र पक्ष लिए।

सिनेटका रिपब्लीकन सदस्यले जर्जिया र मिचिगनमा पनि बाइडेन नै विजयी भएको भन्दै सहमति जनाएसँगै थप छलफल र बहस आवश्यक नै भएन।

राष्ट्रपति ट्रम्पको कार्यकालभर ट्रम्पका कट्टर समर्थकका रुपमा चिनिएका सिनेट रिपब्लीकन नेता मिच म्याक्कोनेलले ट्रम्पको अनुरोध स्वीकार्न कठिन भएको प्रतिक्रिया दिनुभएको थियो। "मतदाता, अदालत र राज्य सबैले बोलिसके। यदि हामीले उनीहरुलाई विश्वास नगर्ने हो भने यसले हाम्रो गणतन्त्रलाई सदाका लागि नोक्सानी गर्नेछ।"

पूर्वराष्ट्रपति बाराक ओबामा र जर्ज डब्लु बुसले लोकतान्त्रिक मुलुकका लागि राष्ट्रपति ट्रम्पको व्यवहार अमेरिकाका लागि लज्जाजनक रहेको बताउनु भएको छ।

राष्ट्रपति ट्रम्पको कार्यकाल मुश्किलले दुई हप्ता रहेको छ। तर धेरैवटा समाचार संस्थाले राष्ट्रपतिको मन्त्रिपरिषद्का सदस्यबीच राष्ट्रपति ट्रम्पलाई तत्काल बर्खास्त गर्नेबारे पनि छलफल भएको बताएका छन्। अमेरिकी संविधानको २५औं संशोधनका आधारमा राष्ट्रपति कार्यकारी भूमिकामा रहन अयोग्य रहेको अवस्थामा राष्ट्रपतिलाई पदच्यूत गर्न सकिने व्यवस्था छ।

संसदीय न्यायिक समितिका सबै डेमोक्रेट सदस्यले उपराष्ट्रपति माइक पेन्सलाई लेखिएको पत्रमा राष्ट्रपति ट्रम्पले हिंसा भड्काउन र सामाजिक अस्थिरता ल्याउन भूमिका निर्वाह गरेकाले तत्काल पदबाट बर्खास्त गर्न आग्रह गरिएको छ।

अमेरिकी संविधानमा राष्ट्रपति स्वेच्छाचारी भएमा उनलाई उपराष्ट्रपतिले पदच्यूत गर्न सक्ने प्रावधान पनि रहेको छ। तर चार वर्षसम्म ट्रम्पका अति विश्वासपात्र रहेका उपराष्ट्रपति पेन्सले एक वक्तव्य जारी गरी आफूलाई त्यस किसिमले हस्तक्षेप गर्नसक्ने अख्तियारी नभएको जिकिर गर्नुभएको छ।

बुधबारको हिंसा भड्किनुअघि ह्वाइट हाउस बाहिर भेला भएका आफ्ना समर्थकलाई सम्बोधन गर्दै राष्ट्रपति ट्रम्पले संसद् भवनसम्म मार्च गर्न उक्साउनु भएको थियो। बाइडेनले गत नोभेम्बर ३ मा सम्पन्न राष्ट्रपति निर्वाचनमा ३०६-२३२ इलेक्टोरल मतले राष्ट्रपति ट्रम्पलाई पराजित गर्नु भएको थियो।

# बाँकेमा महिला तथा बालबालिका हराउने क्रम बढ्दो

बाँके, २३ पुस (रासस)।

बाँकेमा पछिल्ला तीन वर्षमा आठ सयभन्दा बढी महिला तथा बालबालिका हराएका छन्।

भारतसँगको सीमा जोडिएको बाँकेमा पछिल्लो समय महिला तथा बालबालिका हराउने क्रम बढेको हो। जिल्लामा पछिल्ला तीन वर्षमा ८०८ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक हराएको भन्दै प्रहरीमा निवेदन परेको छ।

जिल्ला प्रहरी कार्यालयअन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र बाँकेका अनुसार हराएकामध्ये ८७ प्रतिशत महिला तथा बालबालिका रहेका छन्। केन्द्रको तथ्याङ्कमा बाँकी १३ प्रतिशत बालक र एक प्रतिशत ज्येष्ठ नागरिक रहेको प्रहरीले जनाएको छ।

केन्द्रकी प्रहरी सहायक निरीक्षक श्यामकुमारी पाइजा मगरका अनुसार आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म ४८१ महिला, २२० बालिका, ९९ बालक र आठ ज्येष्ठ नागरिक हराएको हुँदा उनीहरूको आफन्तले खोजी गरिदिन केन्द्रमा निवेदन दर्ता गराएका छन्। हराएकामध्ये ६८२ महिला तथा बालबालिका घर फर्किसकेका छन् भने १२६ जना अझै फेला पर्न नसकेको केन्द्रले जनाएको छ।

केन्द्रका अनुसार आर्थिक २०७५/७६ मा ३७०, २०७६/७७ मा ३११ र २०७७/७८ मा १२७ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक हराएको निवेदन केन्द्रमा दर्ता भएका छन्। तीमध्ये आव २०७५/७६ मा तीन, २०७६/७७ मा ३१ र २०७७/७८ मा ९२ जना हराएका महिला तथा बालबालिका घर फर्किसकेको सहायक निरीक्षक मगरले जानकारी दिनुभयो।

बाँकेमा आर्थिक वर्ष २०७७/७८ मा १२७ महिला तथा बालबालिका हराएका छन्। चालु आर्थिक वर्षको पुस तेस्रो सातासम्म हराउनेमा ८० महिला, ४६ बालबालिका तथा एक जना ज्येष्ठ नागरिक रहेका छन्। तीमध्ये ९२महिला तथा बालबालिका घर फर्किसकेको प्रहरीले जनाएको छ। हराएकामध्ये अधिकांश महिला तथा बालबालिका बेचबिखनमा परेको हुन सक्ने अनुमान प्रहरीको छ।

# सर्वोच्च अदालतले प्रतिनिधिसभा फर्काउँछ : डा रिजाल

चितवन, २३ पुस (रासस)।

नेपाली कांग्रेसका नेता डा मीनेन्द्र रिजालले सर्वोच्च अदालतले प्रतिनिधिसभा फर्काउने विश्वास व्यक्त गर्नुभएको छ। यहाँ बिहीबार पत्रकारसँग कुरा गर्दै डा रिजालले संविधानमा बहुमतको सरकार हुन सक्ने अवस्था रहँदा सम्म प्रतिनिधिसभा विघटन गर्न पाइँदैन भन्ने स्पष्ट लेखिएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "सर्वोच्च अदालतले त्यसभन्दा बाहिर गएर निर्णय गर्न सक्दैन भन्ने कुरामा हामी ढुक्क छौँ। मुलुक अहिले निर्वाचनको बाटोमा जाँदैन।" संविधानलाई लयमा ल्याएपछि प्रतिनिधिसभा स्थापना गरी अघि बढ्नुपर्ने उहाँको भनाइ थियो। फरक प्रसङ्गमा पार्टी केन्द्रीय सदस्य डा रिजालले आगामी फागुनमा कांग्रेसको महाधिवेशन सम्भव नरहेको बताउनुभयो। संविधानले दिएको अधिकार प्रयोग गरी त्यसपछिको ६ महिनामा पार्टीको महाधिवेशन गरिने उहाँको जिकिर थियो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोवर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

# कुन्दुज प्रान्तमा झडप १४ को मृत्यु

कुन्दुज, २३ पुस (रासस/सिन्ह्वा)।

अफगानिस्तानको उत्तर भागमा रहेको प्रान्त कुन्दुजमा सुरक्षकर्मी र आतङ्ककारीबीच भएको झडपमा परी कम्तीमा १४ व्यक्तिको मृत्यु भएको छ।

बुधबार मध्यराति भएको यस झडपको क्रममा छ सैनिक र आठ आतङ्ककारी मारिएका सुरक्षा स्रोतले बिहीबार जानकारी दिएको छ। यस घटनामा के कति घाइते भएलगायतका विस्तृत विवरण भने प्राप्त भएको छैन्

अफगानिस्तानमा यतिखेर पुनःएक पटक शान्ति वार्ताको प्रयास थालिएको छ। यद्यपि अफगानिस्तानमा दिनहुँ राजनीतिक प्रेरित हत्या र हिंसाका घटना भइरहेको अवस्था कायम नै छ। यसै अवस्थामा अफगान सरकार र दुई दशकभन्दा लामो समयदेखि यहाँ हिंसा मच्चाइरहेका प्रमुख विद्रोही तालिबान समूहबीच कतारमा पुनःवार्ता शुरु भएको हो।

तालिबानी समूहले अहिले पनि सन् २००१ मा अमेरिकी नेतृत्वमा भएको आक्रमणबाट तालिबान शासन पतन हुँदाको अवस्थाकै शासकीय संरचना चाहेका छन्। तर अफगान सरकारका वार्ताकारले स्थायी युद्धविराम र हालको शासकीय प्रणाली यथावत् राख्न विशेषरुपमा जोड दिँदै आएको छ।

गतवर्ष फेब्रुअरीमा तालिबान, अमेरिकाबीच अफगानिस्तानमा तैनाथ अमेरिकी सेनाको संख्या कटौती र सन् २०२१ को मे महिनाभित्रै सबै सैनिक फिर्ता गरिसक्ने सम्झौता भएको थियो। अफगानिस्तान सरकार र तालिबानबीचको वार्ता शुरु भएदेखि पनि देशभित्र हिंसात्मक घटनामा कुनै कमी आएको छैन।

अफगान अधिकारीले यी आक्रमणमा तालिबानीको संलग्नता रहेको दाबी गरिरहेका छन् तर अधिकांश यी आक्रमणको जिम्मेवारी इस्लामिक स्टेट समूहले लिइआएको छ। तालिबानले जनतालाई विभाजित गर्ने र सरकारको सुरक्षा संस्थामाथि योजनाबद्धरुपमा जनतामा नैराश्यता उत्पन्न गर्ने कोशिस गरिरहेका छन्।

# भारतमा कोरोना भाइरस सङ्क्रमितको संख्या करिब एक करोड चार लाख

नयाँदिल्ली, २३ पुस (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बिहीबारसम्म एक करोड तीन लाख ९५ हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा २० हजार ३४६ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड तीन लाख ९५ हजार ४६ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार बिहान जनाएको छ।

गत २४ मा भारतमा कोरोना सङ्क्रमणको कारण २२२ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५० हजार ३३६ जना पुगेको छ। मन्त्रालयको पछिल्लो विवरणमा एक करोड १६ हजार ८५९ व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा दुई लाख २८ हजार ८३ सक्रिय सङ्क्रमित रहेका छन्।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा बुधबार ६५४ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र १६ जनाको मृत्यु भएको छ। भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ६०० भन्दा बढीको मृत्यु भइसकेको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले आइतबारसम्म देशभर १७ करोड ८४ लाख ९९५ को हाराहारीमा नमूना परीक्षण गरेको छ। हिजो बुधबार एक दिनमा नौ लाख ३७ हजार ५९० जनाको कोभिड-१९ परीक्षण गरेको छ।

# नाइजेरियामा भएको सडक दुर्घटनामा कम्तीमा २२ जनाको मृत्यु

लागोस, २३ पुस (रासस/सिन्ह्वा)।

नाइजेरियामा भएको सडक दुर्घटनामा परी कम्तीमा पनि २२ जनाको ज्यान गएको छ। नाइजेरियाका दुई छुट्टाछुट्टै सडक दुर्घटनामा परी ती नागरिकको ज्यान गएको अधिकारीले जानकारी दिएका छन्। प्राप्त समाचारमा नाइजेरियाको मध्य भागका दुई ठूला राजमार्गमा बुधबार सवारी दुर्घटना भएको थियो। नाइजेरियाको लोकोजा कागी राज्यमा बुधबार बिहान सो दुर्घटना भएको थियो।

त्यसमा परी १४ जनाको ज्यान गएको थियो। सो दुर्घटनामा परी ज्यान जानेमा ११ जना महिला र तीन पुरुष रहेका छन्। सो दुर्घटनामा परी अरु कैयौं व्यक्ति घाइते पनि भएका छन्। त्यसैगरी नाइजेरियाको काबा क्षेत्रमा पनि यस्तै सवारी दुर्घटना भएको थियो। त्यसमा परी अरु आठ जना यात्रुको निधन भएको छ। ती दुर्घटनामा परी अरु २६ जना घाइते भएका छन्। उनीहरुलाई अस्पताल भर्ना गरिएको छ भने केहीको अवस्था गम्भीर रहेको पनि बताइएको छ।

# पार्टी विभाजनको कुनै औचित्य छैन : नेता गौतम

काठमाडौँ, २३ पुस (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता वामदेव गौतमले हाल आफ्नो दल दुई समूहमा विभाजित देखिए पनि आफू कुनै समूहमा नभएको स्पष्ट गर्नुभएको छ । राष्ट्रियसभाको बिहीबारको बैठकको विशेष समयमा उहाँले भन्नुभयो, "तीन वर्षमा पार्टी विभाजन गर्नु थियो भने एकता किन गर्नुपर्थ्यो ? पार्टीमा अन्तरपार्टी सङ्घर्ष र वादविवाद हुन्छ तर नेता त्यो हुन्छ जसले ती विवादमा समाधान दिन सक्छ ।"

पार्टी विभाजनको कुनै औचित्यता नरहेको बताउँदै नेकपा उपाध्यक्ष गौतमले पार्टीका नेताहरूको कार्यशैलीमा सुधारका लागि आफूले प्रयास गरे पनि सफल हुन नसकेको धारणा व्यक्त गर्नुभयो । आफू विभिन्न कारणले विरोधी जस्तो भएर बस्नुपरेको गुनासो पनि उहाँले राख्नुभयो ।

पछिल्लो समय आफू निरन्तर पार्टी एकतालाई जोगाउन लागिपरेको र अविश्वासको प्रस्तावलाई पनि असफल गराएको जानकारी दिँदै नेता गौतमले भन्नुभयो, "आरोपप्रत्यारोपका पत्र राख्दा पनि यो एउटा सुधारका निम्ति उपाय हुन सक्छ भन्ने लागेको थियो । यसपटक प्रतिनिधिसभा भङ्ग गर्दा पनि मलाई थाहा भएन ।"

प्रतिनिधिसभा विघटनसम्बन्धी विषय सर्वोच्च अदालतको संवैधानिक इजलासमा लगिएपछि विचाराधीन भएकाले अहिले असंवैधानिक भनेर भन्न नमिल्ने बताउँदै नेता गौतमले त्यसैले आफू चुप लागेको छु भन्नुभयो । नेकपाले संविधानको सर्वोच्चतालाई आफ्नो मूल सिद्धान्त बनाएको उहाँको भनाइ थियो ।

# चार वर्षपछि कुटपिट मुद्दामा फरार महिला पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

कुटपिट मुद्दामा फरार रहेकी एक महिलालाई प्रहरीले चार वर्षपछि पक्राउ गरेको छ ।

अंगभंग घटनामा संलग्न भई फरार रहेकी सप्तरीको महदेवा गाउँपालिका १ पकरीकी ३९ वर्षीया सरातुल खातुनलाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार जिल्ला अदालतका न्यायाधीश ईश्वरीप्रसाद गौतमको इजलासले आरोपित खातुनलाई २०७३ फागुन ८ गते कुटपिट अंगभंग मुद्दामा अदालतबाट चार वर्ष कैद र एक लाख ५० हजार जरिवाना तोकेपछि उनी फरार थिइन् ।

घरमै लुकिबसेको अवस्थामा बुधबार पक्राउ परेकी उनलाई अदालतमा उपस्थित गराउँदा अदालतको आदेशले तोकिएको सजाय भुक्तानका लागि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेशवर साहले जानकारी दिएका छन् ।

गाउँकै मो. मुर्तुजा मिया तथा उनका परिवारको सदस्यमाथी भएको सांघतिक आक्रमणपछि प्रहरीले कुटपिट अंगभंग मुद्दा चलाएपछि अदालतले तोकेको सजाय भुक्तान नगरि फरार भएका सो घटनाका अन्य केही आरोपित व्यक्ति अझै फरार रहेको र खोजी कार्य जारि रहेको प्रहरीको भनाई छ ।

# बालविवाह र लैङ्गिक हिंसा सम्बन्धी अभिमुखिकरण सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

बालविवाह र लैङ्गिक हिंसा सम्बन्धी बिहीबार राजविराजमा एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

सम्पन्न अभिुमखिकरणमा बालविवाहका कारण, असर र न्यूनीकरणका विषयका साथै लैङ्गिक हिंसाका विषयमा प्रशिक्षण दिइएको थियो ।

बालअधिकार चेतना समूहको कार्ययोजनामा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रदेश नम्बर २ जनकपुरधामले राजविराजस्थित पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको हो ।

अभिमुखीकरणमा सानो उमेरमा विवाह गर्दा स्वास्थ्यमा असर पर्ने, पारिवारिक हिंसा बढने, सन्तान जन्माउन नसक्दा सुत्केरीको ज्यान जोखिममा पर्ने, दिर्घरोगी हुने, यौन दुर्व्यवहारमा पर्ने हुदा सो विषयमा सबैलाई सुसुचित गराउन किशोरकिशोरीहरु प्रतिबद्ध भएका छन् ।

मानवअधिकार निगरानी समूहका अध्यक्ष रघुबर साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा इन्सेक प्रतिनिधी मनोहर पोखरेलले सहजिकरण गरेका थिए भने शिक्षक गिरीराज पौडेल र इन्सेकका सहजकर्ता दिपक यादवले अभिमुखिकरण कार्यक्रमको उद्देश्यबारे जानकारी दिएका थिए ।



## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*